# अध्याय एक

# शोधपरिचय

## पृष्ठभूमि

विचार विनिमयको सशक्त र प्रभावकारी माध्यम भाषा हो । भाषाको निर्माण तथा यसको प्रयोग समाजमा हुन्छ र यसले पूर्णतासमेत प्राप्त गर्दछ । भाषा मानवीय वस्तु हो (न्यौपाने र अन्य, २०६७, पृ. २) । त्यसैले भाषा समाजमा उत्पत्ति हुन्छ र त्यसको प्रयोग मानव मात्रले गर्ने भएकाले यसलाई मानवीय वस्तु भनिएको हो ।

बालक जन्मेपछि उसले परिवार समाज तथा साथीभाइ आदिबाट सर्वप्रथम भाषा सिक्ने गर्दछ र उसले रुने, कराउने अँ, आँ, उँ जस्ता स्वरहरू निकाल्दै विस्तारै तुताउन तथा एक शब्दे बोली बोल्न थाल्छ । बालक ६ महिना पुगेपछि उसले एक शब्दे वाक्य उच्चारण गर्न थाल्छ, जुन भाषाप्राप्तिको पहिलो खुड्किलो हो (भण्डारी र पौड्याल, २०७३, पृ. ११) । कुनै वस्तुको पहिचान गर्न र अरूले भनेको शब्द अनुकरण गर्न सक्ने र नाम शब्दको उच्चारण गर्न थाल्दछन् र विस्तारै दुईशब्दे वाक्य टेलिग्राफिक बोली हुँदै बालकमा भाषाको विकास हुन्छ । बालकले लगभग एक वर्षको उमेरमा आइपुग्दा केही आवश्यक शब्दहरूको अर्थबोध गरिसकेका हुन्छन् । ती बढी मात्रामा नामसँग सम्बन्धित हुन्छन् (भण्डारी र पौड्याल, २०७३, पृ. १२३) । बालकले भाषा सिक्ने क्षमता जन्मजात लिएर आएको हुन्छ र विभिन्न व्यक्ति र समाजसँगको सहकार्यमा उसले भाषा सिक्ने गर्दछ र त्यही क्रमसँगै उसमा शब्दभण्डारको विकास हुन्छ । शब्दभण्डारको विकास हुँदा विभिन्न क्षेत्रका शब्दको प्रयोग गर्ने गर्दछन् । सर्वप्रथम खानेकुरा (जस्तैः पापा, चिची) आदिको प्रयोग गर्ने गर्दछन् ।

बाल शब्दभण्डार भन्नाले बालबालिकाले प्रयोग गर्ने शब्दहरूसँग सम्बन्धित भएर अथवा बालबालिकाले प्रयोग गर्ने शब्दहरू समेटिएको शृङ्खला भन्ने बुझिन्छ ।

बालबालिकाले प्रयोग गर्ने भाषा सरल, सहज र स्पष्ट तथा लामा वाक्यको प्रयोग नभएको हुनु अनिवार्य छ । बाल्यावस्था मानव जीवनको प्रारम्भिक अवस्था हो । पठन क्षमताका दृष्टिले यसलाई प्रारम्भिक (०-७), मध्यमवय (७-९) र सक्षम (९-१२) गरी ३ भागमा वर्गीकृत  गर्न सकिन्छ । उक्त उमेर समूह अनुकूलका श्रव्य, दृश्य एवं पाठ्य सामग्रीहरू बालसाहित्य हुन् (घिमिरे, २०७४, पृ. ३१) ।

मुना एक मासिक बालपत्रिका हो । बालबालिकालाई विभिन्न क्षेत्र तथा त्यसको ज्ञान र बौद्धिक क्षमता विकासमा उनीहरूको सिकाइसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले यसमा छनोट गरिएका शबदभण्डार बालबालिकाको बौद्धिक क्षमता र सिकाइको स्तरसँग सम्बन्धित हुनु अनिवार्य रहन्छ ।

'मुना' मासिक बालपत्रिकामा शब्दभण्डारको छनोट र वितरणको अवस्था कस्तो छ र त्यसले बालबालिकाको शब्दभण्डारसम्बन्धी ज्ञानलाई कसरी प्रभाव पार्दछ भन्ने सम्बन्धमा अनुसन्धान गरिएको छ । शब्दभण्डारले बालबालिकाको सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले शब्दभण्डारको प्रयोगको अवस्था पत्ता लगाउनु अपरिहार्य हुन्छ । शब्दस्रोत र शब्दवर्गको प्रयोगको अवस्थामा यो अध्ययनलाई केन्द्रित गरिएको छ ।

**समस्याकथन**

मुना एक मासिक बालपत्रिका हो । मुनाको रचना बालबालिकालाई विभिन्न प्रकारका ज्ञान, जानकारी साथै मनोरञ्जन प्रदान गर्ने उद्देश्यले गरिएको हो । यसमा विभिन्न खेलहरू समेत समावेश गरिएको छ । जसबाट बालबालिकाको सिर्जनात्मक क्षमताको विकासमा सहयोग समेत पुग्दछ । मुना मासिक बालपत्रिकामा कथा, कविता, निबन्ध, जीवनी, ज्ञानविज्ञानका क्षेत्रमा भएका नवीन उपलब्धिहरू समावेश गरिएका छन् ।

यी विविध सन्दर्भ र सामग्रीले बालबालिकाको बौद्धिक विकासका साथै सिर्जनात्मक क्षमताको विकासमा समेत सहयोग पुऱ्याएका छन् । यद्यपि यी सामग्रीले बालबालिकाको शब्दभण्डारमा कस्तो योगदान पुऱ्याएका छन् ? शब्दस्रोतका आधारमा कुन स्रोतका शब्दलाई बढी वा कम महत्त्व दिइएको छ ? अथवा शब्दस्रोतको प्रयोगको अवस्था कस्तो छ ? शब्दवर्गको प्रयोगको अवस्था कस्तो छ ? शब्दहरू शब्दस्रोत र शब्दवर्गका आधारमा विश्लेषण गर्दा सरल वा जटिल के छन् ? बालबालिकाको स्तरअनुकूलमा शब्दहरू प्रयोग भएका छन् कि छैनन् ? भनी अध्ययन गर्नु उपयुक्त ठानेर यस्ता पक्षको अनुसन्धान गर्नमा प्रस्तुत शोधकार्यलाई केन्द्रित गरिएको छ । यस अध्ययनका समस्या निम्नानुसार रहेका छन् :

१. के मुना पत्रिकामा प्रयुक्त शब्दभण्डारको शब्दस्रोत पत्ता लगाउन सकिन्छ ?

२. उक्त शब्दभण्डारको शब्दवर्ग पहिचान गर्न सकिन्छ ?

**उद्देश्य**

'मुना' मासिक बालपत्रिकमा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा शोधकार्य गरिनुका उद्देश्य निम्नानुसार रहेका छन् :

१. 'मुना' मासिक बालपत्रिकामा प्रयुक्त शब्दभण्डारको स्रोतगत स्थिति पत्ता लगाउनु,

२. 'मुना' मासिक बालपत्रिकामा प्रयुक्त शब्दभण्डारको शब्दवर्गगत स्थिति पहिल्याउनु ।

**अध्ययनको औचित्य**

प्रस्तुत शोधकार्य मुना मासिक बालपत्रिकाको शब्दभण्डार पक्षको विश्लेषणका निमित्त गरिने भएकोले यस विषयमा आजसम्म कुनै पनि अध्ययन नभएको र बाल भाषासँग सम्बन्धित नियमित पत्रिका भएकोले यसको अध्ययन र विश्लेषण गर्नु महत्त्वपूर्ण र उपयोगी रहेको छ । यस अध्ययनबाट बालभाषाको चयन र विश्लेषणमा सहयोग पुग्ने छ । बालसाहित्य लेखन र सम्पादन गर्ने लेखक, सम्पादक तथा प्रत्येक सम्बन्धित व्यक्तिलाई सहयोग पुग्ने छ । बालसाहित्यसम्बन्धी अध्ययन गर्ने शोधार्थीलाई मार्गनिर्देश गर्न सहयोगी रहने छ । कवितामा प्रयुक्त शब्दभण्डारको बारेमा जानकारी रहनेछ । आम पाठकवर्ग र

बालमनोविज्ञानसम्बन्धी जिज्ञासा राख्नेलाई सहयोगी रहनेछ । बालपत्रिकामा प्रयुक्त भाषाको अध्ययन गर्न चाहने जो कोहीलाई सहयोग मिल्नेछ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत शोधपत्रलाई निम्न परिसीमामा सीमित गरेर अध्ययन गरिएको छ :

(क) मुना बालपत्रिकाको ५ वटा अङ्कलाई मात्र आधार बनाइएको छ ।

(ख) शब्दभण्डारको पहिचान, स्रोत तथा पदवर्गमा मात्र सीमित रहेर अध्ययन गरिएको छ ।

(ग) बाल शब्दभण्डारको पहिचानका लागि मुख्य गरेर नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोश (२०७५) लाई आधार मानिएको छ ।

**अध्ययनको रूपरेखा**

"मुना" मासिक बालपत्रिकामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । जसमा अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : शब्दभण्डारको शब्दस्रोत तथा पदवर्ग

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

पूर्व अध्ययनबाट पूर्व निर्मित शोध सामग्रीको अध्ययनबाट आफूले गर्ने शोधको सीमा निर्माण, उद्देश्य, विधि, प्रक्रिया र समस्या पहिचान गर्न समेत सहयोग प्राप्त हुन्छ । तसर्थ उक्त अध्ययनबाट आफूले गर्ने शोधकार्य सम्बन्धित विषयको शीर्षकमा सम्पन्न भए नभएको अनुसन्धानको समीक्षा गर्नु आवश्यक हुन्छ । व्यवस्थित र अर्थपूर्ण ढङ्गले शोधकार्य सम्पन्न गर्नका लागि उद्देश्य सार्थक बनाउन विगतका प्रयासहरूको समीक्षा गरिएको छ ।

**पुस्तक समीक्षा** : शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ र व्याकरण* नामक पुस्तक रचना भएको छ । उक्त पुस्तकमा कुनै भाषामा पाइने र प्रयुक्त हुने यावत् शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । प्रत्येक भाषाको आफ्नै शब्दभण्डार हुन्छ भन्ने उल्लेख गरिएको छ । यस पुस्तकले शब्दभण्डारको बारेमा जानकारी दिन सहयोग गरेको छ ।

भण्डारी र अन्य (२०७३) द्वारा *सामाजिक तथा मनोभाषाविज्ञान* पुस्तक रचना भएको छ । उक्त पुस्तकमा बालकको शब्दभण्डारको विकासको बारेमा वेरी, म्याके, रिचार्डस्, डाउन, डेभिड क्रिष्टल आदिले गरेको अध्ययन अनुसार बालकले लगभग १ वर्षको उमेरमा आइपुग्दा केही आवश्यक शब्दहरूको अर्थबोध गरिसकेका हुन्छन् र ती बढी मात्रामा नामसँग सम्बन्धित हुने गर्दछन् । M.F. वेरीले १ महिनादेखि ८ वर्षसम्म बालबालिकाहरूको बोध तथा मौखिक भाषा विकासको अध्ययन गरेका छन् । उनको अध्ययन निकै महत्त्वपूर्ण छ । बेरीका अनुसार १ महिनाको नवजात शिशुले ध्वनिको प्रतिक्रिया जनाउँछ, रुन कराउन थाल्छ, दुईतिन महिनामा खासखास ध्वनि निकाल्छ र ६ महिनामा संयुक्त ध्वनि निकाल्छ ८ महिनामा एकाक्षरी शब्द (वा, मा, पा) उच्चारण गर्छ, १० महिनामा आफू नजिकका र

चलनचल्तिका वस्तुका नाम भन्न थाल्छ । एक वर्षतिर एक शब्दे वाक्य उच्चारण गर्छ, डेढ वर्षदेखि २ वर्षमा बालकले आफ्नो वरपरका वस्तु र व्यक्तिको नाम भन्न थाल्छ । २ वर्षदेखि अढाइ वर्षमा २७२ शब्द प्रयोग गर्छ । यसै क्रमअनुसार एक वर्षदेखि सुरु भएको बालकको शब्दभण्डारको विकास ८ वर्षमा पुग्दा दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत शब्दभण्डारो विकासका तहसम्म पुग्छ भन्ने उल्लेख छ । यस पुस्तकले बालकको शब्दभण्डारका बारेमा ज्ञान दिएको छ ।

कसजु (२०७४) द्वारा *प्रज्ञा बाल साहित्य विवेचना* शीर्षकमा पुस्तक रचना भएको पाइन्छ । उक्त पुस्तकमा हजुरबा आमाले नाति नातिना भुलाउन/सुताउन, फुल्याउन वा रमाइलो गराउन कथा गीत सुनाउने चलनले नेपाली बालसाहित्य थालेको र यही जगमा धानिएर अगाडि बढेको देखिन्छ । प्रौढ साहित्य जस्तै गरी सुन्ने सुनाउने लोकगीत, लोककथा, गाउँखाने कथा परम्पराले बाल साहित्यलाई पनि गीत दिएको देखिन्छ । इतिहास पुराण पञ्चतन्त्र, हितोपदेश मित्रलाभ, स्वस्थानीव्रत, वीरसिक्का, मुन्सीका तिन आहान जस्ता कथामा वर्णित घटना पात्रहरू जुन बालकलाई सुनाउने चलनले दोहोऱ्याई ल्याएको परम्परादेखि आजसम्मको यही नै नेपाली बालसाहित्यले हुर्काएको परम्परित प्राप्ति हो भन्ने उल्लेख गरिएको छ । बाल साहित्यको विकाससँग सम्बन्धित जानकारी यस पुस्तकले दिएको छ ।

घिमिरे (२०७४) द्वारा *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य* भन्ने पुस्तक रचना गरिएको छ । उक्त पुस्तकमा बाह्र-तेह्र वर्षसम्मका बालबालिका स्वयम्ले वा अन्य उमेरका सर्जकहरूले आफूलाई तत्तत् उमेरमा पुऱ्याई विभिन्न उमेर समूहका बालबालिकाको रुचिअनुरूप सिर्जना गरेका आख्यानात्मक वा आख्यानरहित सरल तर कलात्मक भाषिक रचनालाई बालसाहित्य भन्न सकिन्छ । यसभित्र बालचित्रकथा, बालकथा,

बालउपन्यास जस्ता आख्यानात्मक गद्यप्रयुक्ति, बालचित्र, कविता, बाल चित्रकाव्य, बालकविता/काव्य/खण्डकाव्य जस्ता आख्यानात्मक पद्यात्मक स्वरूपका अतिरिक्त बालनाटक/एकाङ्की जस्ता आख्यान सहितका संवादात्मक स्वरूपहरू पर्दछन् । यसैगरी काल्पनिक आख्यानभन्दा भिन्न तथ्याङ्क आधारित सूचनामूलक बाल पुस्तक, बालोपयोगी जीवनी, बालसंस्मरण, बालपुस्तक समीक्षा, बालसमालोचना, बालसाहित्यिक शोधसम्म वाङ्मयिक स्वरूप पनि बालसाहित्यकै सीमाभित्र समेटिन्छन् भन्ने उल्लेख गरिएको छ । बालसाहित्यको इतिहास बारेमा यस पुस्तकले जानकारी दिएको छ ।

न्यौपाने र अन्य (२०७४) द्वारा *अनिवार्य नेपाली नामक* पुस्तक रचना भएको छ । उक्त पुस्तकमा शब्द हुनका लागि एक वा एकभन्दा बढी रूप उपयुक्त वाक्यात्मक कार्य तथा अर्थगत क्षमता हुन आवश्यक छ । नेपाली भाषामा सामान्यतः प्रत्येक शब्दलाई अलग अलग डिकोमा लेख्ने चलन छ । कुनै पनि भाषा निश्चित शब्दभण्डारमा निहित हुन्छ । सम्बन्धित शब्दभण्डारमा पृथक-पृथक् किसिमबाट शब्दहरूको भण्डारमा हुन्छ । साथै वाक्यात्मक प्रयोगका आधारमा शब्दहरूको वर्ग निर्धारण गरिन्छ । शब्दको वर्गीकरण अर्थात् शब्दवर्ग छुट्याउने धेरै आधारहरू छन् : स्रोतको आधार, बनोटको आधार, कार्यको आधार, रूपायनको आधार आदि भनिएको छ । यस पुस्तकबाट शब्दभण्डारसम्बन्धी जानकारी हासिल गर्न सकिन्छ ।

**शोध समीक्षा :** के.सी. (२०६९) द्वारा *बालोद्यान मासिक बालपत्रिकामा समाविष्ट कथाहरूको अध्ययन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको उद्देश्य बालोद्यान मासिकमा समाविष्ट कथाहरूको संरचनात्मक पक्ष विश्लेषण गर्नु, उक्त पत्रिकामा समाविष्ट कथाहरूलाई छनोट र स्तरणका आधारमा विश्लेषण गर्नु, भाषा शिक्षणका दृष्टिले बालकथाहरूको प्रयोजन दर्साउनु, बालोद्यानमा प्रकाशित कथाका सबलता र दुर्बलता

केलाउँदै सुझाव दिनु रहेका छन् । यस शोधपत्रमा पुस्तकालय विधिको प्रयोग गरिएको छ भने नमुना छनोटको रूपमा बालोद्यान मासिक बालपत्रिकामा प्रकाशित गरिएका २०६७ सालका ४ अङ्क र २०६८ सालका ८ अङ्क गरी १२ अङ्कमध्ये प्रत्येक अङ्कका १/१ वटा गरी जम्मा १२ वटा कथाहरूको छनोट गरिएको छ । उक्त शोधको निष्कर्षमा कथाको विषयवस्तुलाई हेर्दा विषयवस्तुलाई विविधता पाइने, सबै बालकथा रैखिक ढाँचामा रहेका, धेरै कथामा मानवेत्तर पात्रको प्रयोग गरेकोले खास सन्देशमूलक नभएका, बालउमेरमा नै बाघ, हात्ती, विरालो जस्ता जनावर बोलेको कथा पढ्दा उनीहरूमा कथाप्रति नराम्रो असर पर्न सक्ने, बालकथामा प्रयोग हुने भाषा सरल हुनुपर्नेमा छनोटमा परेका कतिपय कथामा जटिल वाक्यको केही मात्रामा प्रयोग भएको, उखानटुक्काको बढी प्रयोग नभएको भाषिक अशुद्धता बढी नभएको, धेरै मानवेत्तर पात्रको प्रयोग भएकोले चरित्र निर्माणमा सहयोग पुऱ्याउन नसक्ने जस्ता निष्कर्ष निकालिएको छ । बालकथासम्बन्धी जानकारी यस शोधबाट प्राप्त भएको छ ।

पौडेल (२०६९) द्वारा *नागरिक दैनिक पत्रिकाको परिशिष्टाङ्क जूनकिरीमा समाविष्ट बालकथाहरूको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको उद्देश्य बालकथाको सैद्धान्तिक पक्षको विश्लेषण, जुनकिरी परिशिष्टाङ्कमा समाविष्ट बालकथाहरूको संरचनात्मक पक्षको विश्लेषण गर्नु, जुनकिरी परिशिष्टाङ्कमा समाविष्ट बालकथाहरूको भाषिक पक्षको विश्लेषण गर्नु, जुनकिरी परिशिष्टाङ्कमा समाविष्ट कथाहरूमा रहेका कमीकमजोरी औंल्याई सुधारका लागि उचित सुझाव दिनु रहेका छन् । यस शोधपत्रमा पुस्तकालय विधिको प्रयोग गरिएको छ भने नमुना छनोटमा वि.सं. २०६७ पौषदेखि वि.सं. २०६८ माघ महिनासम्मका बाह्र कथालाई लिइएको छ । बालपत्रिकामा समावेश गरिएका बालकथाहरू बालबालिकाका लागि बौद्धिक खुराक प्रदान गर्ने खालका र मनोरञ्जनपूर्ण हुनुपर्दछ, बालबालिकालाई बढीभन्दा बढी ज्ञान प्रदान गरेर समयानुकूल

अगाडि बढ्न सहयोग पुऱ्याउनुपर्छ, छनोट गरिएका बालकथाहरूमा प्रसङ्ग अनुसारका उखान टुक्काहरूको प्रयोग गरिएको पाइँदैन । यस शोधका लागि छनोट गरिएका 'अर्पिताको करेसाबारी', 'पांग्रेको कालो चश्मा', 'आफ्नै रंग प्यारो' शीर्षकका कथाहरूमा प्रस्तुत गरिएका मानवेत्तर पात्रहरूका क्रियाकलाप हेर्दा अपत्यारिला देखिन्छन् । बालकथाहरूमा सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिनुपर्छ । छनोटमा परेका 'राजु अनलाइन', 'कालो टाटो भएको केटो', 'सुन्दरपुरकी सुशीला' कथामा सामाजिक विषयवस्तु प्रस्तुत गरिएको छ । कथामा घटनाक्रम सिलसिला मिलेको हुनुपर्दछ । छनोट गरिएका कथाहरूमध्ये चिभेचराको धुर्त्याइँ कथामा त्यति सिलसिला मिलेको पाइँदैन जस्ता निष्कर्ष निकालिएको छ । बालकथाको सैद्धान्तिक पक्षको जानकारी प्रस्तुत शोधबाट भएको छ ।

न्यौपाने (२०६९) द्वारा *मुना मासिक बालपत्रिकामा प्रयुक्त जीवनीका पाठहरूको विश्लेषणात्मक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको उद्देश्य मुना मासिक बालपत्रिकामा समाविष्ट जीवनीका पाठहरूको भाषिक र स्वरूपगत पक्षहरू पहिल्याउनु, उक्त पत्रिकामा समाविष्ट जीवनीका पाठहरू कुन कुन पक्षको विकासमा उपयोगी छन्, पहिल्याउनु, उक्त पत्रिकामा के कस्ता जीवनीका पाठहरू समावेश गर्दा बालबालिकाका लागि उपयोगी हुन्छन् पहिल्याउनु, उक्त पत्रिकामा समाविष्ट जीवनीका पाठमा रहेका कमजोरी पत्ता लगाउनु, ती कमजोरी सुधारका लागि उपयुक्त सुझाव प्रस्तुत गर्नु रहेका छन् । यस शोधपत्रमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ भने नमुनाको रूपमा २०६८ वैशाखदेखि २०६८ चैतसम्मका 'मुना' मासिक बालपत्रिकाका अङ्क प्राथमिक स्रोतका सामग्रीका रूपमा रहेका छन् । उमेर समूहका आधारमा जीवनीको विश्लेषण गर्दा ५-८ उमेर समूहका लागि उपयुक्त हुने २/४ वटा बाहेक बाँकी १३-१६ उमेर समूहका लागि उपयुक्त हुने जीवनीका पाठहरू रहेका, अरू विषय क्षेत्रका तुलनामा साहित्यिक क्षेत्रसँग सम्बन्धित जीवनीका पाठ बढी समावेश गरेको, छनोटमा परेका

जीवनीमा कुनै कुनैमा कठिन शब्द कतै साह्रै विस्तारित र जटिल वाक्यको प्रयोग गरेको तथा भाषिक अशुद्धता रहेको जस्ता निष्कर्ष निकालिएको छ। बालसाहित्यअन्तर्गत जीवनीको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ।

दाहाल (सन् २०१३) द्वारा *कोपिला बालपत्रिकामा समाविष्ट शब्दहरूको अर्थगत अध्ययन* शीर्षकमा शोधकार्य भएको छ। यस शोधकार्यको उद्देश्य कोपिला बालपत्रिकामा समाविष्ट शब्दहरूको सङ्कलन र वर्गीकरण गर्नु, कोपिला बालपत्रिकामा प्रयुक्त शब्दहरूको भाषिक पक्षको स्थिति पहिल्याउनु, बालपत्रिकामा समाविष्ट बालशब्दहरूको भाषिक सीप विकासका दृष्टिले उपयोगिता पहिल्याउनु रहेका छन्। यस शोधकार्यमा पुस्तकालय विधिको प्रयोग भएको छ भने नमुनाको रूपमा २०५९ साल वैशाखेखि चैत्रसम्मको प्रत्येक पहिलो आइतबारको बालपत्रिकाको १२ अङ्कलाई लिइएको छ। प्रस्तुत पत्रिकामा समावेश भएका चुट्किला र कोठेपद मनोरञ्जनमूलक र ज्ञानवर्द्धक रहेको, एक वर्षभरिका अङ्कहरूको अध्ययन गर्दा प्रत्येक अङ्कमा चुट्किला र कोठेपदलाई उच्च महत्त्व दिइएको, चुट्किला र कोठेपदमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको जस्ता निष्कर्ष निकालिएको छ। बाल शब्द र ती शब्दको अर्थगत जानकारी प्रस्तुत शोधबाट प्राप्त भएको छ।

खड्का (२०७३) द्वारा *बालसाहित्यका दृष्टिले जूनतारा बालपत्रिकाको अध्ययन* शीर्षकमा शोधकार्य भएको छ। प्रस्तुत शोधकार्यको उद्देश्य जूनतारा बालपत्रिकामा समाविष्ट बालकथाहरूको संरचना पक्षको विश्लेषण गर्नु, बालसाहित्यका दृष्टिले जूनतारा बालपत्रिकामा समाविष्ट कविताहरूको संरचनात्मक विश्लेषण गर्नु रहेका छन्। प्रस्तुत शोधकार्यमा पुस्तकालयीय विधि, व्याख्यात्मक विधि र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ भने नमुनाको रूपमा जुनतारा बालपत्रिका २०६९ का ३ अंकलाई लिइएको छ। बालपत्रिकामा समावेश गरिएका बालकविताहरूले बालबालिकाहरूका निम्ति बौद्धिक क्षमता

प्रदान गराउनुका साथै मनोरञ्जन दिलाउने विषयवस्तु समेटेका छन्, जुनतारा बालपत्रिकामा समाविष्ट बालकविताहरू अधिकांश मनोरञ्जनमूलकभन्दा पनि ज्ञानमूलक बढी देखिन्छन्, कवितामा काल्पनिकताभन्दा बढी सत्यता पाइन्छ जस्ता निष्कर्ष निकालिएको छ ।

पौडेल (२०७३) द्वारा *रूपसे दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा* शीर्षकमा शोधकार्य भएको छ । यस शोधकार्यको उद्देश्य 'रूपसे दैनिक' पत्रिकाको सम्पादकीयको बाह्य पक्षको लेखाजोखा गर्नु, रूपसे दैनिक पत्रिकाको आन्तरिक पक्षको विश्लेषण गर्नु रहेको छ । नमुनाको रूपमा रूपसे दैनिक पत्रिकाका १० ओटा अङ्कमा प्रकाशित सम्पादकीयलाई लिइएको छ । सम्पादकीयको शीर्षकको आधारमा अध्ययन गर्दा २ देखि ४ शब्दसम्मका संरचित भएको पाइएको जसमध्ये २ शब्दे शीर्षकको सङ्ख्या सबैभन्दा बढी रहेको, शैलीका आधारमा अध्ययन गर्दा चारओटा शैलीको प्रयोग भएका छन् । वाक्यका आधारमा अध्ययन गर्दा जटिल वाक्यका तुलनामा सरल वाक्यको बढी प्रयोग भएको, शब्दभण्डारको संरचनात्मक आधारमा अध्ययन गर्दा व्युत्पन्न र अव्युत्पन्न दुबै प्रकारका शब्दको प्रयोग गरिएको जस्ता निष्कर्ष निकालिएको छ । भाषाको विश्लेषणसम्बन्धी जानकारी प्रस्तुत शोधबाट प्राप्त भएको छ ।

मल्ल ठकुरी (२०७६) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको उद्देश्य कक्षा नौको नेपाली पाठ्यपुस्तक तथा विधामा पदवर्गको प्रयोगको स्थिति पहिचान गर्नु, कथा विधामा प्रयुक्त शब्दहरूको स्रोतगत स्थिति केलाउनु रहेको छ । यस शोधपत्रमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ भने नमुना छनोटमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा नौको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाका पाठमा प्रयुक्त पदवर्ग र स्रोतको अध्ययनमा केन्द्रित गरिएको छ । भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको महत्त्वपूर्ण स्थान रहने भएकोले

सबै शब्दवर्ग र स्रोतका शब्दहरूको प्रविष्टि भएको पाइयो । नाम विशेषण, क्रिया विशेषण, सर्वनाम र क्रिया वर्गका शब्दहरूको प्रविष्टि सन्तोषजनक देखिए पनि नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात वर्गका, शब्दहरूको प्रविष्टि न्यून रूपमा रहेको पाइयो । स्रोतका आधारमा शब्दहरूको छनोट र वितरण केही मात्रामा सन्तोषजनक रहेपनि शब्दवर्गका हिसाबले शब्दहरूको प्रयोगमा समानुपातिक वितरण भएको देखिएन जस्ता निष्कर्ष निकालिएको छ । कथामा प्रयुक्त शब्दभण्डारको बारेमा जानकारी प्रस्तुत शोधबाट भएको छ ।

**सैद्धान्तिक अवधारणा**

**परिचयः** कुनै पनि भाषाका आ-आफ्नै मौलिक शब्द र तीबाट बनेका शब्दहरूको शृङ्खला वा शब्दसमूह हुन्छ जसलाई शब्दभण्डार भनिन्छ । कुनै भाषामा पाइने र प्रयुक्त हुने यावत शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ (शर्मा, २०७१, पृ. १०७) । शब्दभण्डारको सहायताले नै शब्दको स्रोत, शब्दवर्गीकरण, शब्दप्रयोगको सन्दर्भ आदि पत्ता लगाउन सकिन्छ । शब्दभण्डारको ज्ञान हुनु भनेको शब्दको ज्ञान मात्र नभई कुनै पनि भाषाको ज्ञान हुनु हो ।

बालकले जन्मेपछि समाजबाट घर परिवारबाट भाषा सिक्ने गर्दछ र सोहीअनुसार नै कुनै पनि बालबालिकामा भाषाप्रतिको सचेतता अथवा भाषा प्रयोगको अवधारणा विकास हुन्छ । बालकले सिकेको भाषा उसले आफ्नो उमेर र क्षमताअनुसार विकास र प्रयोग गर्दै जान्छ र उसले प्रयोग गरेका शब्दहरू बालबालिकाले प्रयोग गर्ने शब्दको शृङ्खलालाई बाल शब्दभण्डार भनिन्छ ।

बालबालिकाले प्रयोग गर्ने भाषा सरल, सहज तथा सामान्य प्रकृतिको हुन्छ । आफ्नो क्षमता, रुचि र चाहनाअनुरूप बालबालिकाले शब्दभण्डारको प्रयोग गर्ने गर्दछन । जस्तैः

लुगालाई नाना, गहनालाई चाचा, खानेकुरालाई पापा जस्ता शब्दहरूको प्रयोग गर्दछन् । उमेरको वृद्धिसँगै यस्ता शब्दहरू परिस्कार गर्दै लैजान्छन् । बाह्य वातावरण, साथीसमूह तथा विद्यालय प्रवेश गरेसँगै उनीहरूको शब्दभण्डार क्षमतामा वृद्धि हुन्छ ।

बेरीका अनुसार एक महिनाको नवजात शिशुले ध्वनिको प्रतिक्रिया जनाउँछ । रुन, कराउन थाल्छ । दुई-तीन महिनामा खास-खास ध्वनि निकाल्छ । ६ महिनामा संयुक्त ध्वनि निकाल्छ, ८ महिनामा एकाक्षरी शब्द (बा, मा, पा) उच्चारण गर्छ । १० महिनामा आफू नजिकका र चलनचल्तीका वस्तुका नाम भन्न थाल्छ । एक वर्षतिर एकशब्दे वाक्य उच्चारण गर्छ । डेढ वर्षदेखि दुई वर्षमा बालकले आफ्नो वरपरका वस्तु र व्यक्तिका नाम भन्न थाल्छ । ५०-७५ शब्दसङ्ख्या प्रयोग गर्छ । दुईदेखि अढाइ वर्षमा २७२ शब्द प्रयोग गर्छ । साढे दुईदेखि तीन वर्षमा सामान्य र संयुक्त अक्षर, पदावली, टुक्का स-साना वाक्यग्रहण गर्न थाल्छ, यस समयमा ४४६ शब्दसम्म प्रयोग गर्छ । ४ वर्षमा ९८ प्रतिशत बुझ्न सकिने भाषाको प्रयोग गर्छ । यस अवधिमा १५४० शब्दभण्डार क्षमता हुन्छ । ५ वर्ष पूरा भएपछि बालकको उच्चारण स्पष्ट हुन्छ । यतिबेला शब्दभण्डार क्षमता २०७२ हुन्छ । ७ वर्ष पुगेपछि ४००० शब्द प्रयोग गर्छ । यसरी एक वर्षदेखि सुरु भएको बालकको शब्दभण्डारको विकास ८ वर्षमा पुग्दा दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत शब्दभण्डारको विकासका तहसम्म पुग्दछ (भण्डारी र पौड्याल, २०७३, पृ. १२२) ।

यसरी बालकको शब्दभण्डार विकासका विभिन्न पक्षलाई विश्लेषण गर्दै बालबालिकामा क्षमता र ज्ञानको विकास गर्नका लागि विभिन्न पत्रपत्रिका लेख तथा रचनाहरू प्रकाशित हुँदै आएको समेत पाइन्छ ।

**शैक्षणिक प्रयोजन** : बालबालिकाको शब्दभण्डार बुझी सोअनुरूप शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न र उनीहरूको स्तर, रुचि र क्षमताअनुसार शब्दप्रयोग गरी

उनीहरूलाई सिकाइमा सहजता ल्याउन बाल शब्दभण्डारको ज्ञान हुन आवश्यक छ । अतः यस लेखको प्रयोजन निम्नानुसार हुनेछ :

(क) बालभाषा सिकाइका चरण बुझी सोअनुरूप बालबालिकालाई बुझ्न,

(ख) बाल शब्दभण्डार पहिचान गरी सोअनुरूप बालबालिकासँग व्यवहार गर्न,

(ग) बालबालिकालाई सिकाउने क्रममा उनीहरूको स्तर र क्षमतासँग मिल्ने प्रकृतिका शब्दहरूको प्रयोग गर्न,

(घ) बालमनोविज्ञानलाई बुझी सोहीअनुरूप व्यवहार गर्न ।

**शब्दभण्डार र उमेरबीचको सम्बन्ध** : स्विस मनोवैज्ञानिक जिन पियाजेले बालकको संज्ञानात्मक विकासको चर्चा गर्दै भाषाविकास संज्ञानात्मक विकासको गतिसँगै हुने कुरा उल्लेख गरेका छन् (भण्डारी र पौड्याल, २०७३ : १०४) । संज्ञानात्मक विकास भन्नले शिशुले आफ्नो परिवेशको बारेमा बुझ्नु हो । बालकले गरेर सिक्ने, सिकाइका नियमहरू बनाउने, विविध वस्तुलाई छुट्याउने जस्ता विविध क्रियाकलापबाट उसमा शब्दभण्डारको विकास हुँदै जान्छ र उसले विभिन्न क्षेत्रका शब्दहरूको ज्ञानसमेत लिन्छ ।

ग्रेगरी पियाजे, स्टर्न, लियोपोल्ड, केयर र ग्रेसरको अध्ययनको आधारमा डब्लु एफ म्याकेले प्रस्तुत गरेको बालकको भाषा विकासलाई यसप्रकार तालिकामा देखाउन सकिन्छ :

| समय | बोध क्षमता | उच्चारण वा अभिव्यक्ति क्षमता |
|---|---|---|
| ३ महिना | मानव ध्वनि पहिचान गर्नु तर सम्झनामा राख्न नसक्नु, | मुस्काउनु, स्वेच्छिक र असङ्गठित आवाज निकाल्नु, रुनु, कुँज्नु |
| ६ महिना | मित्रवत वा मायालु र अमित्रवत् वा रिसालु ध्वनि पहिचान गर्नु, | स्वरको उच्चारण, व्यञ्जनको उच्चारण गर्नु, तुताउनु । |

| | | |
|---|---|---|
| ९ महिना | अनुहारको भाव बुभ्नु, विशिष्ट शब्द उच्चारणको प्रयास गर्नु, | ध्वनि र ध्वनि समूहको उच्चारण गर्नु । |
| १२ महिना | साधारण आदेश ग्रहण गर्नु, | बोलिसँग खेल्नु, विशेष प्रकारको बोल्नु, प्रतिक्रिया जनाउनु । |
| १८ महिना | सामान्य आदेश र निर्देशनको पालना गर्नु, | एक दर्जन वा बढी शब्दको व्यवहार गर्नु, एक शब्दे वाक्य बोल्न सुरु गर्नु । |
| २ वर्ष | आदेश बुझ्नु, धेरै शब्दहरू बुझ्नु | दुई शब्दे वाक्य प्रयोग गर्नु, विशेष प्रकारको बोली बोल्न छोड्नु, शब्दभण्डार वृद्धि हुनु । |
| ३ वर्ष | भूतकालिक, वाक्यको प्रयोग गर्नु, प्रश्नबोध हुनु, | शब्दभण्डारको तीव्र वृद्धि, व्याकरणात्मक वाक्यको प्रयोग गर्न थाल्नु, अनुभव बताउनु । |
| ४ वर्ष | बोधक्षमता बढ्नु, समयावधिको भिन्नता बुझ्नु । | प्रौढ भाषाको प्रयोग गर्नु, बोलीमा परिपक्वता देखिनु । |
| ५ वर्ष | बाल्यकालका घटना बुभ्नु २ हजारभन्दा बढी शब्द बुझ्नु । | छोटा र टिप्पणीमूलक प्रतिक्रिया दिनु, जटिल वाक्यको प्रयोग गर्नु, शब्दभण्डार विकास हुनु । |
| ६-८ वर्ष | बोलीमा पूर्णता हुनु, पढ्न थाल्नु, शब्दभण्डार वृद्धि गर्नु | बोलाइ सीपको विकास हुनु, अभ्यास गर्नु र सिकेका नयाँ ढाँचा सम्झँदै जानु । |

स्रोत : भण्डारी र पौड्याल, २०७३ : ११३ ।

**नेपाली भाषाको शब्दभण्डार:** शब्दहरूको ढुकुरी शब्दभण्डार हो । शब्दभण्डारका दृष्टिले नेपाली भाषा निकै सम्पन्न रहेको छ । विभिन्न क्षेत्रका शब्द, ज्ञानविज्ञानका नवीन शब्दहरू आदिले नेपाली भाषालाई विकसित तुल्याएको छ । समय समयमा हुने भाषिक आन्दोलन तथा परिवर्तनहरूले भाषाको आधुनिकीकरणमा सहयोग पुगेको छ ।

भाषा विचार विनिमयको सशक्त माध्यम भएको तथा यसको उत्पत्ति र प्रयोगपनि समाजमै हुने भएकोले समाज र विश्वव्यापीकरणको प्रभावसँगै भाषाले आफूलाई आधुनिक र परिष्कृत बनाउँदै लगेको छ ।

नेपाली भाषामा विभिन्न स्रोतका शब्द रहेका छन् । विभिन्न विद्वानका मतअनुसार यिनलाई विभिन्न प्रकारले वर्गीकरण गरेको पाइन्छ । न्यौपाने र अन्यले यसरी वर्गीकरण गरेका छन् :




न्यौपाने र अन्य (२०७४ : २९)

अधिकारीले स्रोतका आधारमा शब्दलाई गरेको वर्गीकरण




(अधिकारी, २०६७ : ८२)

**स्रोतको आधारमा शब्दको वर्गीकरण** : कुनै पनि शब्दको उत्पत्ति स्थललाई त्यसको स्रोत भनिन्छ। नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गको आर्य इरानेली शाखाको संस्कृत भाषाबाट विकसित भएको हुनाले यस भाषामा संस्कृत स्रोतका शब्दहरूको भण्डार अधिक मात्रामा रहेको छ। स्रोतका आधारमा नेपाली भाषाका शब्दहरूलाई मौलिक र आगन्तुक २ प्रकारमा विभाजन गरिएको छ :

***मौलिक शब्द :*** संस्कृत भाषाबाट नेपाली भाषामा आएका र झर्रा नेपाली शब्दहरूलाई मौलिक शब्द भनिन्छ। मौलिक शब्द २ प्रकारका हुन्छन् :

*तत्सम् शब्द:* 'तत्सम्' शब्दले पहिलेको समान भन्ने अर्थलाई जनाउँछ। अथवा संस्कृतबाट नेपालीमा आउँदा कुनै पनि रूप परिवर्तन नभई जस्ताको तस्तै आउने शब्द तत्सम् शब्द हुन । जस्तै : गुरु, योगी, अग्नि आदि।

*तद्भव शब्द:* संस्कृतबाट नेपालीमा आउँदा रूप परिवर्तन भएका शब्दहरू तद्भव शब्द हुन। तद्भव शब्द सामान्यतया प्राकृत हुँदै नेपालीमा रूपान्तरण भएका हुन्छन्। जस्तै : दही, रात, आँखो आदि।

*आगन्तुक शब्द:* संस्कृत बाहेकका अन्य जुनसुकै स्वदेशी वा विदेशी भाषाबाट नेपालीमा आएका शब्दहरू आगन्तुक शब्द हुन्। जस्तै : अरबी → हाकिम, लायक अङ्ग्रेजी : कोट, रेडियो, मोबाइल आदि।

**कार्यका आधारमा शब्दको वर्गीकरण**



एक वा एकभन्दा बढी वर्णबाट बनेको स्वतन्त्र प्रयोग हुन सक्ने भाषाको अर्थयुक्त एकाइलाई शब्द भनिन्छ (काफ्ले, २०६९ : २५) । घर, पानी, नाक आदि स्वतन्त्र रूपमा प्रयोग हुने र अर्थ पूर्ण पनि भएकाले शब्द हुन् । तर उपसर्ग (वि, अघि, प्रति आदि), प्रत्यय ( आलु, एलु, एर आदि) को प्रयोग स्वतन्त्र रूपमा नहुने र तिनको अर्थ पनि नभएकाले ती शब्द होइनन् । त्यसै गरी गर, पढ, लेख् आदि धातुहरू अर्थ युक्त भए पनि तिनको स्वतन्त्र प्रयोग नहुने हुनाले ती पनि शब्द मानिदैनन् । वाक्यमा प्रयोग भएका वा प्रयोग हुन योग्य पदलाई शब्द भनिन्छ, जस्तै :

शब्दः म, भाइ, किताब, दिएँ ।

पदः  मैले भाइलाई किताब दिएँ ।

शब्दको वर्गीकरण गर्ने मूल आधारमा चाहिँ त्यसले वाक्यमा गर्ने कार्य हो । कार्यका आधारमा शब्दलाई मुख्य रूपमा पाँच वर्गमा बाँडिएको पाइन्छ ।

यही विभाजनलाई आधार मानेर शब्दको शब्दवर्ग निर्धारण गरिन्छ । नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय गरी शब्दवर्ग मुख्य रूपमा पाँच प्रकारका हुन्छन् । अव्ययलाई पनि नामयोगी, क्रिया विशेषण, निपात, विस्मयादि बोधक र संयोजक गरी पाँच वर्गमा विभाजन गर्न सकिन्छ (बराल र एटम, २०६६ : ३१) ।

**नाम र नामका प्रकार** : वाक्यमा कर्ता, कर्म र पूरकका रूपमा प्रयोग भई कारकीय कार्य सम्पन्न गर्ने पदलाई नाम वा संज्ञा भनिन्छ । कुनै व्यक्ति, वस्तु, ठाउँ, गुण, भाव, स्थितिको परिचय गराउने अथवा अवस्था र अवधारणा जनाउने र 'को र 'के' को उत्तरमा आउने शब्दलाई नाम भनिन्छ (दाहाल, २०६५ : ४१) । नामलाई पनि व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक गरी पाँच उपप्रकारमा छुट्याएर अध्ययन गरिएको पाइन्छ :

*व्यक्तिवाचक नाम :* कुनै एक वा विशेष व्यक्ति, वस्तु, ठाउँ, दिन, पर्व स्थान, नदी, पर्वत, पुस्तक, चाड आदिलाई जनाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ (दाहाल, २०६५ : ४१) । जस्तै :

(क) व्यक्ति बुझाउने : राम, सीता, गीता ।

(ख) स्थान बुझाउने : ललितपुर, भक्तपुर, जनकपुर, काठमाडौँ आदि ।

(ग) वस्तु बुझाउने : कमल, रामायण, घन्टाघर, सिंहदरबार आदि ।

(घ) चाड पर्व बुझाउने : दसैँ, तिहार, तिज, इद, क्रिसमस आदि ।

(ङ) हिमाल, नदी तथा पहाड बुझाउने : सगरमाथा, कर्णाली, चुरे, माछापुच्छ्रे, कञ्चनजङ्घा आदि ।

*जातिवाचक नाम :* एकै जातका एक वा अनेकलाई बोध गराउने शब्दलाई जातिवाचक नाम भनिन्छ (दाहाल, २०६५ : ४१) । जस्तै : मानिस, महादेश, देश, सहर, गाउँ, किताब, घर, दरबार, चाड, नदी पहाड ।

*समूहवाचक नाम :* परस्पर सादृश्य वा अदृश्य अनेक वस्तुहरूको समुदायको बोध हुन्छ । जहाँ प्रत्येक वस्तु होइन अर्थात् वस्तुको व्यष्टि होइन, समष्टि रूप प्रकट हुन्छ । त्यसलाई समूहवाचक शब्द भनिन्छ (दाहाल, २०६५ : ४१) । जस्तै : जोडा, जोर, युगल, गण, वृन्द, जमात, फौज, वर्ग, बथान, गोलो, पोलो, बगाल, झुन्ड, राशि, पुञ्ज, थुप्रो, डङ्गुर, झुप्पो आदि ।

*द्रव्यवाचक :* गनेर अर्थात् यति वटा भनेर नछुट्याई नाप तौलद्वारा छुट्याइने ( परिमेय) नामलाई द्रव्यवाचक नाम भनिन्छ (बराल र एटम, २०६६ : ३३) । जस्तै :, सुन, चाँदी, फलाम, हिरा, पानी, धान, चामल, पीठो, मासु, नुन, हावा, धुवाँ, अक्सिजन आदि ।

*भाववाचक नाम :* नाप्न, तौल्न, देख्न, सुन्न, सुँघ्न, छाम्न र चाख्न नसकिने तर मनले भने अनुभव र महसुस गर्न सकिने भावको नामलाई भाववाचक नाम भनिन्छ अर्थात् अमूर्त भाव, गुण, विचार, क्रिया, स्थिति आदिको नामलाई नै भाववाचक नाम भनिन्छ ( दाहाल, २०६५ : ४२) । जस्तै : माया, दया, प्रेम, रिस, घृणा, दुःख, बृद्धि शिक्षा, शान्ति, सुन्दर, सौन्दर्य, वीरता, हिँडाइ, पढाइ आदि ।

माथिको वर्गीकरण परम्परागत भएकाले भाषावैज्ञानिक दृष्टिकोणका आधारमा नामलाई निम्न लिखित रूपमा वर्गीकरण गर्न सकिन्छ :

*सङ्ख्येय र असङ्ख्येय नाम :* गन्ती गर्न सकिने अथवा एकभन्दा बढी जनाउनका लागि बहु वचन लिन सक्ने नामलाई सङ्ख्येय नाम भनिन्छ, जस्तै : मानिस/मानिसहरू, किताब/किताबहरू, पहाड/पहाडहरू आदि । गन्ती गर्न नसकिने तथा बहु वचन हुन नसक्ने नामलाई असङ्ख्येय नाम भनिन्छ, जस्तै : पानी, मसी, धुलो, दया, माया, वीरता, करुणा आदि ।

*सजीव र निर्जीव नाम :* भाले र पोथी छुट्टिने तथा प्राण भएका सजीवलाई सजीव नाम र ठूलो र सानो छुट्याउन सजीव बाहेकका प्राण नभएका निर्जीवलाई बुझाउने नामलाई निर्जीव नाम भनिन्छ जस्तै :

सजीव : मामा/माइजू, दिदी/भिनाजु, लोग्ने/स्वास्नी आदि ।
निर्जीव : डालो/डाली, थाल/थली, झोला/झोली आदि ।

*मानवीय र मानवेत्तर :* मानवलाई बुझाउने नामलाई मानवीय र मानव बाहेक अन्य जीव, वनस्पति, वस्तु तथा स्थानलाई बुझाउने नामलाई मानवेत्तर नाम भनिन्छ जस्तै :

मानवीय : राम, सीता, आमा, मामा आदि ।
मानवेतर : कुकुर, ढुकुर गाई, हिमाल, पहाड आदि ।

**सर्वनाम** : नाम, नाम पदसमूह तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ (बराल र एटम, २०६६ : ३४) । म, तँ, ऊ, त्यो, यो तपाई, उहाँ, जो, को, आफु आदि सर्वनाम हुन् । सर्वनाम पद, पदावली र वाक्यको सट्टा प्रयोग हुन्छ जस्तै :

(क) हरि किसान हो । ऊ परिश्रमी छ । (पदको सट्ट)

(ख) उसले राम्रा पुस्तकहरू किन्यो । ती निकै उपयोगी छन् । (पदावलीको सट्ट)

(ग) मानिसको सेवा गर्दा धर्म हुन्छ । यो सत्य कुरा हो । (वाक्यको सट्टा)

सर्वनाम निम्नअनुसार पाँच प्रकारका हुन्छन् :

*पुरुषवाचक सर्वनाम :* पुरुष वा स्त्रीवाचक नामपदको सट्टामा प्रयोग हुने शब्दलाई पुरुषवाचक सर्वनाम भनिन्छ । म, हामी, तँ, तिमी, तपाई, ऊ यो, त्यो, उहाँ, यिनीहरू, तिनीहरू, उनीहरू, उहाँहरू पुरुषवाचक सर्वनाम हुन् । पुरुषवाचक सर्वनाम पनि तिन प्रकारका हुन्छन् । ती हुन् :

(१) प्रथम पुरुष वाचक सर्वनाम

(२) द्वितीय पुरुष वाचक सर्वनाम

(३) तृतीय पुरुष वाचक सर्वनाम

*प्रथम पुरुष वाचक सर्वनाम :* वक्ताको सन्दर्भमा आउने सर्वनामलाई प्रथम पुरुष वाचक सर्वनाम भनिन्छ । जस्तै : म, हामी, मैले, हामीले, मलाई, हामीलाई ।

*द्वितीय पुरुष वाचक सर्वनाम :* श्रोताको सन्दर्भमा आउने सर्वनामलाई द्वितीय पुरुष वाचक सर्वनाम भनिन्छ । जस्तै : तँ, तैँले, तिमी, तिमीहरू, तपाई, तपाईँहरू, यहाँ हजुर ।

*तृतीय पुरुष वाचक सर्वनाम :* वक्ता र श्रोताभिन्न अन्य व्यक्तिको सन्दर्भमा आउने सर्वनामलाई तृतीय पुरुष वाचक सर्वनाम भनिन्छ। जस्तै : ऊ उसले, त्यसले, उनीहरू, तिनीहरू, उनी, उनले, उहाँ, उहाँहरू ।

**आत्मवाचक/निजवाचक** : नाम तथा सर्वनामका पछाडि 'आफू' बुझाउन प्रयोग हुने सर्वनामलाई आत्मवाचक सर्वनाम भनिन्छ। यसलाई निजवाचक सर्वनाम पनि भनिन्छ। स्वयम्, आफू, आफैँ यस्ता प्रकारका सर्वनाम हुन्। यो तिनै वटा पुरुषका पछाडि प्रयोग हुन्छ। यसले कर्ता आफैँलाई बुझाउँछ। जस्तै :

(क) म आफैँ भात खान्छु।

(ख) तँ आफैँ घर जा।

(ग) ऊ आफैँ गृहकार्य गर्छ।

(घ) हरि स्वयम् ठीक छैन।

**दर्शकवाचक** : नजिक वा टाढाको कुनै व्यक्ति वा वस्तुको सट्टामा प्रयोग भई त्यसलाई तोकेर देखाउने शब्दलाई दर्शकवाचक सर्वनाम भनिन्छ। निकटवाचक र दूरवाचक गरी यो दुई प्रकारको हुन्छ।

(क) नजिकका वस्तु वा पदार्थलाई तोकेर देखाउने निकट वाचक सर्वनाम : यो, यी, यिनीहरू।

(ख) टाढाका वस्तु वा पदार्थलाई तोकेर दुरवाचक सर्वनाम : त्यो, ती, ऊ तिनीहरू र उनीहरू।

**सम्बन्धवाचक सर्वनाम** : नामपदको सट्टामा प्रयोग भई त्यससँग सम्बन्ध स्थापना गर्ने शब्दलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ (बराल र एटम, २०६६ : ३५)। जो, जो, जो,

जुन, जोसुकै, जेसकै, जे आदि सर्वनाम सम्बन्धवाचक हुन् । निश्चयवाचक र अनिश्चयवाचक गरी यो सर्वनाम दुई प्रकारको हुन्छ :

निश्चित : जो, जे, जुन आदि ।

अनिश्चत : जोसुकै, जेसुकै, जुनसुकै आदि ।

**प्रश्नवाचक सर्वनाम** : कुनै व्यक्ति वा वस्तुका बारेमा प्रश्न गर्दा प्रयोग हुने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ (बराल र एटम, २०६६ : ३५) । को, के, कुरा आदि प्रश्नवाचक सर्वनाम हुन् । प्रश्नवाचक सर्वनाम पनि निश्चयावाचक र अनिश्चियवाचक गरी दुई प्रकारका हुन्छन् :

निश्चयावचक : को, के, कुरा के, के, कुन कुन आदि ।

अनिश्चयावाचक : कोही, केही, कुनै आदि ।

**विशेषण र विशेषणका प्रकार** : नामको विशेषता (गुण, दोष, अवस्था, सङ्ख्या, परिमाण, सम्बन्ध आदि) जनाउने पदलाई विशेषण भनिन्छ । विशेषण पदले नाम पदका अगाडि प्रयोग भई त्यसको विशेषण जाहेर गर्दछ । विशेषणले विशेषणता जाहेर गर्ने नाम पदलाई विशेषय भनिन्छ । वाक्यमा विशेषण कुन, कस्तो, कति, कत्रो आदि प्रश्नका उत्तरमा विशेषण आउँछ । जस्तै :

(क) अग्लो मानिस आयो । - कस्तो ?

(ख) जेठो छोरो घर आयो । - कुन ?

(ग) मसँग सय रुपियाँ छ । - कति ?

(घ) घर ठूलो छ । - कत्रो ?

यी वाक्यमा आएका अग्लो, जेठो, पचास, ठूलो शब्दहरूले क्रमश : मानिस, छोरो, रुपियाँ, घरका गुण, सङ्ख्या तथा परिमाण वताएकाले ती विशेषण हुन् ।

विशेषणले जुन नामको विशेषता बुझाउँछ, त्यसलाई विशेषण भनिन्छ, जस्तै :

गोरो केटो पढ्दै छ ।

यस वाक्यमा गोरो विशेषणले केटाको जनाएको केटो विशेष्य हो ।

विशेषण गुणबोधक, सङ्ख्याबोधक, परिमाणबोधक र सार्वनामिक गरी चार प्रकारका छन् ।

*गुणबोधक विशेषण :* नाम पदको अवस्था, आकार, स्थान, रङ, क्षेत्र, काल आदि गुण (विशेषता) बुझाउने पदलाई गुणबोधक विशेषण भनिन्छ । यसले निम्न लिखित कुराहरूलाई बुझाउँछ :

१. रङ्ग : रातो, कालो, सेतो, हरियो, पहेँलो, निलो, रातो आदि ।

२. स्वाद : मिठो, तितो , टर्रो, गुलियो, अमिलो आदि ।

३. स्वभाव : सज्जन, दुष्ट, झगडिया, मिचाहा, भँडुवा, खवैया, लेखैया आदि ।

४. छाँट : खस्रो, मसिनो, चिल्लो, नरम आदि ।

५. बानी : असल, खराब, अल्छी, मिहिनेती, परिश्रमी आदि ।

६. अवस्था : गरिब, धनी, नीच, उच्च माहिलो, जेठो आदि ।

*सङ्ख्याबोधक विशेषण :* नामको क्रम, आवृत्ति, पूर्ण वा आँशिक गणना बुझाउने शब्दलाई सङ्ख्याबोधक विशेषण भनिन्छ (काफ्ले, २०६९ : ३५) । जस्तै :

(क) निश्चित सङ्ख्या : एक, दस, पच्चीस, सय, सवा दुई, पौने एक आदि ।

(ख) अनिश्चित सङ्ख्या : सयौँ, हजारौँ, करौडौ, लाखौँ आदि ।

(ग) आवृत्ति : दोब्बर, तेब्बर, दुगुना, तीनगुना, चारगुना आदि ।

(घ) क्रम : पहिलो, दोस्रो, चौथो, पाँचौ आदि ।

(ङ) प्रत्येय वाचक : एकएक, प्रत्येक, हरेक आदि ।

*परिमाणबोधक विशेषण :* व्यक्ति वा वस्तुको नाप, तौल, मात्रा आदि बुझाउने शब्दलाई परिमाणबोधक विशेषण भनिन्छ । जस्तै :

धेरै, थोरै, अलिकता, प्रशस्त, यावत्, धेरथोर, थोर बहुत, धेरैजासे आदि ।

*सार्वनामिक विशेषण :* सर्वनाम पदले विशेषणको काम गरेमा त्यसलाई सार्वनामिक विशेषण भनिन्छ (काफ्ले, २०६९ : ३५ । यस्ता सर्वनाम नाम वा विशेष्यका अगाडि आउँछन् । सार्वनामिक विशेषणका रूपमा दर्शक, सम्बन्ध, प्रश्नवाचक सर्वनामहरू आउँछन् । जस्तै :

दर्शक सार्वनामिक विशेषण : यो किताब उपयोगी छ ।

सम्बन्धवाचक सार्वनामिक विशेषण : जो व्यक्तिले राम्ररी पढ्यो, ऊ असल थियो ।

प्रश्नवाचक सार्वनामिक विशेषण : को मान्छे आएको थियो ।

माथि प्रयोग भएका यो, जो को सर्वनामले नामका अगाडि आएकाले यिनीहरू सार्वनामिक विशेषण हुन् ।

**क्रिया र यसका प्रकार** : कुनै पनि प्रक्रिया, घटना, गतिविधि तथा कार्य व्यापार जनाउने शब्दलाई क्रिया भनिन्छ । क्रियालाई निम्न लिखित आधारमा विभिन्न भागमा विभाजन गर्न सकिन्छ :

*समापकताका आधारमा क्रिया :* समापकताका आधारमा क्रिया दुई प्रकारका हुन्छन् । समापक क्रिया र असमापक क्रिया ।

*समापिका क्रिया :* वाक्यको समापन गर्ने क्रियालाई समापिका क्रिया भनिन्छ । यस्ता क्रियाहरूले धातुमा काल, पक्ष, भाव, लिङ्ग, वचन, पुरुष आदि जनाउन रूपायन लिइन्छन् । यस कोटिका शब्दहरू क्रियापद हुन्छन् । जस्तै : हरि भात खान्छ । हरिले भात खायो । उसले पढ्छ । उनीहरूले पढ्छन् । आदि ।

*असमापिका क्रिया :* वाक्यको समापन नगर्ने क्रियालाई असमापिका क्रिया भनिन्छ । यस्ता क्रियाबाट सम्पूर्ण वाक्य बन्न सक्दैन । धातुमा नु, एको, ने, एर, तो, दो, ई, न जस्ता सार्वधातुक कृत् प्रत्यय लागेर बनेका क्रियार्थक कृदन्त शब्दलाई नै असमापिका क्रिया भनिन्छ (अधिकारी, २०६७ : ९९) । वाक्य टुङ्ग्याउन नसक्ने यस्ता शब्दले वाक्यात्मक आधारमा क्रियापद नभई नाम, विशेषण र क्रियायोगीको काम गर्दछन् जस्तै :

| असमापक (कृदन्त) क्रिया | शब्दवर्ग |
|---|---|
| खाएर (खा+एर) | अव्यय (क्रिया विशेषण) |
| खाई (खा+ई) | अव्यय (क्रिया विशेषण) |
| खान (खा+न) | अव्यय (क्रिया विशेषण) |
| खानाले (खा+नाले) | अव्यय (क्रिया विशेषण) |
| खाएको (खा+एको) | विशेषण |
| खाने (खा+ने) | विशेषण |
| खानु (खा+नु) | नाम |

यसरी क्रियापद भन्नाले समापक क्रिया मात्र बुझिन्छ, जसले शब्दवर्गमा क्रियापद वर्गको काम गर्दछ ।

**अर्थप्राधान्यका आधारमा क्रिया** : अर्थप्राधान्यका आधारमा क्रिया दुई प्रकारका हुन्छन् । मुख्य क्रिया र सहायक क्रिया ।

*मुख्य क्रिया :* अर्थका दृष्टिले मुख्य बन्न सक्ने क्रियालाई मुख्य क्रिया भनिन्छ, जस्तै : खान्छ, बस्छ, पढ्छ, लेख्छ आदि ।

*सहायक क्रिया :* मुख्य क्रियाको अर्थलाई सघाउन आउने क्रियालाई सहायक क्रिया भनिन्छ । यो क्रिया : मुख्य क्रियाभन्दा पछाडि आउँछ । सहायक क्रियाले कोशीय अर्थ नजलाई व्याकरणात्मक कार्य जनाउन मद्दत गर्छन्, जस्तै : छ, हो, सक्छ, थियो, राख्नु पर्नु आदि ।

**संरचनाका आधारमा क्रिया** : संरचनाका आधारमा क्रिया दुई प्रकारका हुन्छन् । सरल र संयुक्त ।

*सरल क्रिया :* एउटा मात्र क्रिया भएको अथवा अर्को क्रियासँग संयुक्त नभएको एकल क्रियालाई सरल क्रिया भनिन्छ, जस्तै : बस्छ, लेख्छ, रोयो, छ, हो, फर्कनु, आउनू आदि ।

**कर्मकताका आधारमा क्रिया** : कर्मकताका आधारमा क्रिया दुई प्रकारका हुन्छन् । अकर्मक क्रिया, सकर्मक क्रिया ।

*अकर्मक क्रिया :* कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिन्छ । यस्तो क्रियाले वाक्यमा प्रत्यक्ष रूपमा एउटा मात्र शब्द लिन सक्छ । त्यो शब्द वाक्यमा कर्ता भएर आउँछ जस्तै : राम हाँस्छ भाइ रुन्छ, बुबा सुत्नु भयो आदि ।

*सकर्मक क्रिया :* कर्म लिने क्रियालाई सकर्मक क्रिया भनिन्छ । यसमा एउटा कर्म लिनेलाई एककर्मक र दुईटा कर्म लिनेलाई द्विकर्मक क्रिया भनिन्छ । यस्ता क्रियाले वाक्यमा

दुइटा नामिक पद लिएका हुन्छन् । ती मध्ये एउटा कर्ता र अर्को कर्म हुन्छ । जस्तै : रामले भात खायो । हरिले डोरी बाट्यो आदि ।

*पूरकापेक्षी क्रिया :* पूरकको अपेक्षा गर्ने क्रियालाई पूरकापेक्षी क्रिया भनिन्छ । केही अकर्मक र सकर्मक क्रिया पनि वाक्यार्थका दृष्टिले अपूर्ण देखा पर्दछन् । अथवा आआफ्ना क्रियाको ग्रहणशीलता अनुसार कर्ता वा कर्म लिएर पनि वाक्यमा यस्ता क्रिया प्रयोग हुँदाहुँदै केही नपुगेको जस्तो हुन्छ । त्यस स्थितिमा अकर्मक क्रिया छ भने कर्ताको पूरक र सकर्मक छ भने कर्मको पूरक भएर अर्को शब्द थपिने हुन्छ, जस्तै : श्याम बिरामी छ । हरि डाक्टर हो । हरिले रमेशलाई मूर्ख भन्यो । श्यामले हरिलाई नेता मान्यो ।

**क्रिया विशेषण/क्रियायोगी र यसका प्रकार** : क्रियापद, विशेषण र स्वयम् क्रिया विशेषणको विशेषता बुझाउन प्रयोग गरिने अव्यय शब्दलाई क्रिया विशेषण भनिन्छ । यसलाई क्रियायोगी पनि भनिन्छ (बराल र एटम, २०६१, ३०) । जस्तै :

(क) म काम राम्ररी गर्छु । क्रिया (गर्छु) को विशेषता बुझाउने

(ख) तिमी निकै धेरै पैसा कमाउँछौ विशेषण (धेरै) को विशेषता बुझाउने ।

(ग) ऊ अति माथि पुग्यो । (क्रिया विशेषण) (माथि) को विशेषता बुझाउने ।

क्रिया विशेषणका समयवाचक, स्थानवाचक, परिमाणवाचक, रीतिवाचक र कारणवाचक गरी पाँच प्रकार हुन्छन् ।

(क) समयवाचक : हिजो, भर्खर, सबेरै आदि ।

(ख) स्थानवाचक : यहाँ, उहाँ, वारि, नजिक, टाढा आदि ।

(ग) परिमाणवाचक : यति, धेरै निकै आदि ।

(घ) रीतिवाचक : राम्ररी सुटुक्क, सरासर, फटाफट, अकस्मात् आदि ।

